दैनिक लुम्बिनी
निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

हामी बोलेर मात्र
होइन पुऱ्याएर छाड्छौं
तपाईको अत्यन्तै जरूरी चिठी एवं पार्सलहरू नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

वर्ष ३८ | अंक १७४ | बुटवल | २०८३ असार १४ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday Jun 28, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini

# भुटानी गृहमन्त्री किन आए लुम्बिनी ?



**लुम्बिनी संवाददाता**
*बुटवल*

गौतमबुद्धको जन्मस्थल लुम्बिनीमा भुटान सरकारले निर्माण गर्न लागेको भुटानी गुम्बाको आज औपचारिक रूपमा शिलान्यास गरिएको छ।

भुटानका गृहमन्त्री ल्योन्पे छिरिङ, भुटानका धर्मगुरु उप-महासङ्घराजा दोर्जे लोपेन रिम्पोछे तथा नेपाल सरकारका संस्कृति, पर्यटन तथा नागरिक उड्डनमन्त्री खड्गराज अधिकारी (गणेश) पौडेलको उपस्थितिमा विशेष धार्मिक विधिअनुसार गुम्बा निर्माणको शुभारम्भ गरेका हुन्।

शिलान्यास कार्यक्रममा भुटानी लामागुरुहरूले धार्मिक अनुष्ठान गर्दै भूमि पूजन गरेका हुन्। गुम्बा निर्माणलाई भुटान र नेपालबिचको सांस्कृतिक, धार्मिक तथा कूटनीतिक सम्बन्धलाई अझ सुदृढ बनाउने ऐतिहासिक कदमका रूपमा हेरिएको छ।

भुटान सरकारको गृह मन्त्रालयअन्तर्गत संस्कृति तथा जोंखा विकास विभागकी महानिर्देशक म्याक्सुद ओजीले लुम्बिनीमा भुटानी मन्दिर निर्माण सुरु हुनु भुटानका लागि अत्यन्त महत्त्वपूर्ण र ऐतिहासिक उपलब्धि भएको बताइन्। उनले भनिन्-'लुम्बिनी परिसरमा नयाँ भुटानी मन्दिर निर्माण कार्य सुरु गर्नका लागि भूमि देवीको आशीर्वाद लिन हामी यहाँ उपस्थित भएका छौं। यो परियोजनाले भुटानी बौद्ध परम्परा र संस्कृतिलाई बुद्धको जन्मभूमिसँग जोड्नेछ।'

भुटान सरकार र लुम्बिनी विकास कोषबिच गतवर्ष गुम्बा निर्माणसम्बन्धी समझदारीपत्र (एमओयू) मा हस्ताक्षर भएको थियो। उक्त सम्झौताअनुसार चालु वर्षभित्रै परियोजना सुरु गर्ने प्रतिबद्धता कार्यान्वयन गर्दै निर्माण प्रक्रिया अघि बढाइएको उनले बताइन्।

परियोजनाको पहिलो चरणअन्तर्गत गुम्बा परिसरको सीमा पर्खाल निर्माण कार्य सम्पन्न भइसकेको छ भने अब मुख्य मन्दिर निर्माणको काम सुरु गरिएको छ। भुटान सरकारले आगामी दुई वर्षभित्र सम्पूर्ण निर्माण सम्पन्न गर्ने लक्ष्य राखेको ओजीले जनाइन्। प्रस्तावित गुम्बामा भुटानको मौलिक वास्तुकला, धार्मिक कला तथा सांस्कृतिक विशेषतालाई समेटिने बताइएको छ। भुटानी शैलीका संरचना, प्रार्थना कक्ष, सांस्कृतिक प्रदर्शनी क्षेत्र तथा धार्मिक गतिविधिका लागि आवश्यक पूर्वाधार निर्माण गरिनेछन्।

महानिर्देशक ओजीका अनुसार गुम्बा निर्माण सम्पन्न भएपछि लुम्बिनी भ्रमणमा आउने विश्वभरका बौद्ध तीर्थयात्री तथा पर्यटकहरूले भुटानी संस्कृति, कला र आध्यात्मिक परम्पराको प्रत्यक्ष अनुभव गर्न सक्नेछन्।

'एक बौद्ध राष्ट्रका रूपमा हामी हाम्रो विशिष्ट वास्तुकला र बुद्धप्रतिको श्रद्धालाई यहाँ प्रस्तुत गर्न चाहन्छौं', उनले भनिन्-'यसले लुम्बिनीलाई अझ अन्तरराष्ट्रिय र बहुसांस्कृतिक बौद्ध केन्द्रका रूपमा स्थापित गर्न मद्दत पुऱ्याउनेछ।'

**द्विपक्षीय वार्तामा पर्यटन सहकार्यमा जोड**

गुम्बा शिलान्याससँगै नेपाल र भुटानका उच्च सरकारी प्रतिनिधिबिच लुम्बिनीमा द्विपक्षीय भेटवार्ता पनि सम्पन्न भएको छ। संस्कृति, पर्यटन तथा नागरिक उड्डयनमन्त्री खड्गराज पौडेल र भुटानका गृहमन्त्री ल्योन्पे छिरिङबीच भएको छलफलमा पर्यटन, सांस्कृतिक आदानप्रदान तथा दुई देशबीचको सम्बन्धलाई थप मजबुत बनाउने विषयमा केन्द्रित रहेर विचार विमर्श भएको थियो।

लुम्बिनी विकास कोषका निमित्त सदस्य सचिव ज्ञानीन राईका अनुसार वार्ताका क्रममा नेपालले दुई महत्त्वपूर्ण प्रस्ताव भुटानी पक्षसमक्ष राखेको थियो। मन्त्री पौडेलले भुटानको पारो अन्तरराष्ट्रिय विमानस्थल र भैरहवास्थित गौतमबुद्ध अन्तरराष्ट्रिय विमानस्थलबीच सिधा हवाई उडान सञ्चालन गर्नुपर्नेमा जोड दिए।

कोषका निमित्त सदस्य सचिव राईका नेपाली पक्षले पारो-लुम्बिनी-बोधगया धार्मिक पर्यटन सर्किट विकास गर्न सके दक्षिण एशियाली बौद्ध पर्यटनमा नयाँ सम्भावना सिर्जना हुने धारणा राखेको थियो। हाल भुटानको राष्ट्रिय ध्वजावाहक ड्रूक एअरले पारो-काठमाडौं उडान सञ्चालन गर्दै आएको सन्दर्भमा लुम्बिनीलाई अन्तरराष्ट्रिय बौद्ध गन्तव्यका रूपमा प्रत्यक्ष हवाई सञ्जालमा जोड्नुपर्ने आवश्यकता नेपाली पक्षले औंल्याएको थियो।

भुटानले विदेशी पर्यटकहरूमाथि लागू गर्दै आएको दिगो विकास शुल्क (एसडीएफ) सम्बन्धी थियो। हाल नेपाली नागरिकहरूले पनि भुटान भ्रमण गर्दा प्रतिव्यक्ति प्रतिदिन १०० अमेरिकी डलर बराबरको शुल्क तिर्नुपर्ने व्यवस्था रहेको छ। नेपालले दुई देशबिचको ऐतिहासिक, सांस्कृतिक तथा धार्मिक सम्बन्धलाई ध्यानमा राख्दै नेपाली नागरिकका लागि उक्त शुल्क हटाउन वा विशेष सहुलियतको व्यवस्था गर्न आग्रह गरेको छ। भारत र बङ्गलादेशका पर्यटकका लागि छुट्टै व्यवस्था रहेको उदाहरण प्रस्तुत गर्दै नेपाली पक्षले नेपाली पर्यटकलाई सहज पहुँच उपलब्ध गराउन आग्रह गरेको थियो।

भुटानका गृहमन्त्री ल्योन्पे छिरिङले नेपालले उठाएका विषयहरूलाई सकारात्मक रूपमा लिइएको बताउँदै आवश्यक सरकारी तहमा थप छलफल गरिने प्रतिबद्धता व्यक्त गरेका थिए। उनले लुम्बिनीमा भुटानी गुम्बा निर्माणका लागि नेपाल सरकारले उपलब्ध गराएको जग्गा तथा सहयोगप्रति भुटान सरकारको तर्फबाट आभार व्यक्त गरे।

द्विपक्षीय भेटवार्तामा नेपालका तर्फबाट लुम्बिनी क्षेत्रबाट निर्वाचित सांसद तौफिक अहमद खाँन र रूपन्देही-४ बाट निर्वाचित सांसद कन्हैया बनियाँको सहभागिता रहेको थियो। यसैगरी भुटानका तर्फबाट नेपालका लागि भुटानका राजदूत मेजर जनरल भेत्सोप नामग्येल, भुटान सरकारका गृह सचिवलगायतको सहभागिता रहेको थियो

# ओलीद्वारा माअनवअधिकार आयोगमा निवेदन



बुटवल। नेकपा एमालेका अध्यक्ष एवं पूर्वप्रधानमन्त्री केपी शर्मा ओलीले जेनजी आन्दोलनको छानबिन प्रतिवेदन उपलब्ध गराउन माग गर्दै राष्ट्रिय मानवअधिकार आयोगमा निवेदन दिएका छन्। अध्यक्ष ओलीको तर्फबाट आयोगका सचिव मुरारी खरेललाई भेटेर शुक्रबार उक्त निवेदन दर्ता गराएको एमाले नेता महेश बर्तौलाले जानकारी दिए।

निवेदनमा ओलीले गत भदौ २३ र २४ गते भएका घटनासम्बन्धी आयोगले गरेको छानबिन तथा अनुसन्धान प्रतिवेदन, निर्णय र त्यससँग सम्बन्धित सम्पूर्ण कागजातहरू उपलब्ध गराउन माग गरेका छन्।

ओलीले आयोगले लिएको बयान एवं कागजातहरूको प्रतिलिपि पनि उपलब्ध गराउन आग्रह गरेका छन्।

आयोगले संविधान र कानुनविपरीत कारबाही सिफारिस गरेको र त्यसले आफूलाई प्रत्यक्ष असर परेको ओलीको भनाइ छ।

'आयोगले संविधान र कानुनविपरीत कारबाहीको सिफारिस गरेको अवस्था देखिँदा र यसबाट मलाई समेत प्रत्यक्ष असर परेको हुँदा यस सम्बन्धित निर्णय वास्तविक हो वा होइन ? यस्तो निर्णय र निष्कर्षमा पुग्दा कस्तो तथ्य, प्रमाणहरू संकलित भए भन्ने विषय थाहा पाउनु मेरो अधिकार हो,' निवेदनमा उनले भनेका छन्-'आयोगले आफ्नैविरुद्धमा भएको भनिएको निर्णय र सो निर्णयको आधारको रूपमा रहेको छानबिन वा अनुसन्धान प्रतिवेदन मलाई औपचारिक रूपमा पठाउने छ भन्ने कुरामा म विश्वस्त थिएँ। तर नियतवश म समेतलाई लाञ्छित गर्ने गरी निर्णय गरिएको भनी सार्वजनिक भएको तीस दिन हुन लाग्दासमेत मलाई सोको औपचारिक जानकारी नदिएको हुँदा यो निवेदन पेश गरेको छु।'

# विस्थापनविरुद्ध सुकुम्वासी तथा अव्यवस्थित बसोवासीद्वारा प्रदर्शन



बुटवल। सुरक्षित पुनःस्थापनाको सुनिश्चित नगरि कुनै पनि परिवारलाई होल्डिङ सेन्टरबाट नहटाउन माग गर्दै होल्डिङ सेन्टरमा रहेका भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासीहरूले काठमाडौंमा प्रदर्शन गरेका छन्।

सुरक्षित पुनःस्थापना, भू स्वामित्वसहितको बास अधिकार तथा सम्मानजनक आवास सुनिश्चित नगरि कुनै पनि परिवारलाई होल्डिङ सेन्टरबाट बलपूर्वक नहटाउन माग गर्दै उनीहरूले शनिबार काठमाडौंको माइतीघरदेखि बबरमहलसम्म प्रदर्शन गरेका हुन्।

उनीहरूले सरकारले पटक पटक दिएको आश्वासन कार्यान्वयन गर्दै संविधान र कानूनबमोजिम दिगो, उचित न्यायपूर्ण र मानवीय समाधान तत्काल सुनिश्चित गर्न माग गरेका छन् भने पुनर्स्थापना नै गर्ने भए घर भत्काइएको स्थान वा कानून बमोजिम उपयुक्त स्थानमा भू स्वामित्वसहितको स्थायी व्यवस्थापनको समेत माग गरेका छन्।

» बाँकी ३ पेजमा

# नवलपरासीसहित ११ जिल्लामा फैलियो बर्डफ्लू

बुटवल। काठमाडौं उपत्यकामा पछिल्लो तीन महिनायता देखिएको बर्डफ्लु (एच-फाइभ एन-वान) सङ्क्रमण हाल तीव्र रूपमा फैलिन थालेको छ। पशुसेवा विभागका अनुसार हालसम्म ११ जिल्लाका ८२ स्थानमा सङ्क्रमण पुष्टि भइसकेको छ भने रोग नियन्त्रणका लागि प्रभावित क्षेत्रमा विशेष सतर्कता अपनाइएको छ।

विसं २०८२ चैत ४ गते मोरङमा पहिलोपटक बर्डफ्लु पुष्टि भएपछि झापा, सुनसरी, महोत्तरी, बारा, चितवन, नवलपरासी, काठमाडौं, भक्तपुर, ललितपुर र काभ्रेपलाञ्चोकसम्म सङ्क्रमण फैलिएको हो।

पशुसेवा विभागका महानिर्देशक डा. उमेश दाहालका अनुसार सङ्क्रमण नियन्त्रणका क्रममा हालसम्म पाँच लाख ६९ हजार ८५८ वटा पक्षी नष्ट गरिएको छात्यस्तै नौ लाख ८९ हजार ३१३ वटा अण्डा र एक हजार ९५४ दशमलव ८५ क्विन्टल दाना पनि नष्ट गरिएको उनले जानकारी दिए।

रोग नियन्त्रणका लागि पशुसेवा विभागले उपमहानिर्देशकको नेतृत्वमा 'बर्डफ्लु रोग नियन्त्रण कक्ष' स्थापना गरी सङ्घ, प्रदेश र स्थानीय तहसँग समन्वय गर्दै प्रभावित क्षेत्रमा प्राविधिक टोली परिचालनसमेत गरेको छ।

विभागका अनुसार हालसम्म कोसी प्रदेशका झापा, मोरङ र सुनसरीसँगै बारा, महोत्तरी, चितवन र नवलपरासीमा सङ्क्रमण नियन्त्रणमा आइसकेको छ। तर काठमाडौं, ललितपुर, भक्तपुर तथा काभ्रेपलाञ्चोकका केही क्षेत्रमा सङ्क्रमण अझै देखिइरहेकाले विशेष निगरानी बढाइएको महानिर्देशक डा. दाहालले बताए।

सङ्क्रमित भाइरसमा कुनै आनुवंशिक परिवर्तन (म्युटेसन) भएको छ वा छैन भन्ने एकिन गर्न राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालासँगको सहकार्यमा भाइरसको जिन अनुक्रमण प्रक्रिया पनि सुरु गरिएको विभागले जनाएको छ।

विभागले पन्छीपालक किसानलाई फार्ममा जैविक सुरक्षा (बायोसेक्युरिटी) का मापदण्ड कडाइका साथ पालना गर्न, पुराना अन्डाका क्रेट पुनः प्रयोग नगर्न, ढुवानीका साधन पूर्ण रूपमा निसङ्क्रमण गरेर मात्र फार्मभित्र प्रवेश गराउन तथा जङ्गली पन्छीसँग घरपालुवा पन्छीको सम्पर्क हुन नदिन आग्रह गरेको छ। यसैगरी पन्छी तथा पन्छीजन्य उत्पादनको ओसारपसार गर्दा अनिवार्य रूपमा भेटेरिनरी प्रमाणपत्र लिन, नियमित खोप लगाउन तथा कुनै फार्ममा अस्वाभाविक रूपमा धेरै पन्छी बिरामी वा मरेको देखिए तत्काल नजिकको पशुसेवा कार्यालयमा जानकारी गराउन विभागले अनुरोध गरेको छ।

नगरवासीहरूमा हार्दिक अनुरोध

- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं।

प्रमोद खनाल
प्रमुख प्रशासकीय अधिकृत

कृष्णप्रसाद श्रेष्ठ
नगर प्रमुख

सन्धिखर्क नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

नगरवासीहरूमा हार्दिक अनुरोध

- जन्म, मृत्यु, बसाईसराई, विवाह दर्ता, सम्बन्ध विच्छेदजस्ता व्यक्तिगत घटना दर्ता समयमै गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व वृद्धि गरौं।

विनय कुमार श्रीवास्तव
प्रमुख प्रशासकीय अधिकृत

सुदीप पौडेल
नगर प्रमुख

कपिलवस्तु नगरपालिका
नगर कार्यपालिकाको कार्यालय, कपिलवस्तु
लुम्बिनी प्रदेश, नेपाल

दैनिक लुम्बिनी

## सम्पादकीय

# वाम एकता

फागुन २१ गते भएको आम निर्वाचनमा अस्वभाविक ढंगले खुम्चिएपछि प्रमुख वाम दल एमाले र नेकपा नजिकिंदै छन् । दुई तिहाई नजिकको सरकारले धमाधम निर्णय गर्दा कतिपय अवस्थामा सामाजिक न्यायको मुद्दा किनाराकृत भएका छन्, ती मुद्दाको उठान गर्ने वाम दल मिलेर अघि बढ्दा सामाजिक न्यायसहितको विकासको मुद्दा मुलधारमै रहने सम्भावना रहन्छ, त्यसका लागि पनि कार्यगत एकता हुँदै पार्टी एकतासम्मको पहलकदमी हुनुपर्छ ।

मुलुकमा धेरै राजनैतिक दलको आवश्यकता छैन, अझ धेरै वाम पार्टी त झनै आवश्यक छैन । २०४६ सालको परिर्वतन पछि एमाले मुलधारको वाम पार्टीमा स्थापित भयो । दशवर्षे जनयुद्ध गरेको माओवादी २०६३ सालपछि केही वर्ष माओवादी प्रमुख वाम पार्टीको रुपमा उदायो । त्यो लामो समय टिकेन । २०७४ सालमा एमाले र माओवादीबिच पार्टी एकता गर्ने गरी चुनावी तालमेल भयो । झण्डै दुई तिहाईको जनादेश आयो, पछि पार्टी एकता भयो, तर त्यो एकता लामो समय टिक्न सकेन् । त्यो एकता टुटेपछि छिन्नभिन्न भएको वाम आन्दोलन अहिले रक्षात्मक मोडमा पुगेको छ । शक्ति र जनाधार विस्तार हुँदा एकआपसमा जुधेर अघि बढ्ने र शक्ति खुम्चिदै गएपछि नजिकिने प्रवृत्तिले वाम आन्दोलनलाई सही विन्दुमा पुऱ्याउँदैन । वाम आन्दोलनलाई सही ढंगले अघि बढाउन इमान्दारीपूर्वक एकताको खाँचो छ ।

फागुन २१  को आमनिर्वाचनपछि जनाधार खुम्चिएपछि एमाले र नेकपामा पुस्तान्तरणको बहस उठेको छ । यो बहस नेकपामा भन्दा एमालेमा धेरै छ । पुस्तान्तरणको बहसलाई विषयान्तर गर्नका लागि एकताको प्रयास भएको हो भने त्यो प्रयास सार्थक हुँदैन । चुनावमा पराजयको निर्मम समीक्षा र आगामी दिनमा लिनुपर्ने कार्यनीतिको प्रश्नमा प्रष्टता नआएसम्म पहिले झै नेतृत्व एकैपल्ट मिल्ने विषय उपयुक्त हुँदै होइन् । मुद्दामा कार्यगत एकता गर्दै सरकारलाई खबरदारी गर्न सक्छन् । वाम पार्टीहरुले पहिले आफूभित्रको समस्या समाधान गर । पार्टी नेतृत्व कहाँ चुक्यो ? कार्यकर्ता कहाँ असन्तुष्ट भए ? शुभेच्छुक मात्रै नभई पार्टी सदस्य नै किन अरुलाई मत दिए ? यी धेरै प्रश्नको उत्तर नखोज्दासम्म पार्टीका आन्तरिक समस्याको समाधान हुँदैन । झण्डै दुई तिहाई प्राप्त सरकार पार्टी एकता नटिकेकै कारण पाँच वर्ष टिकेन् । आरोप–प्रत्यारोपले नेतृत्वलाई खुइल्याउने प्रयास भयो । आरोप–प्रत्यारोपले जनतामाँझ चरम अविश्वास श्रृजना गराउने र वितृष्णा जगाउने काम भयो । विगतको त्यो तितो अवस्थाको वस्तुनिष्ट समीक्षा नगरी तत्कालको स्वार्थका लागि हुने एकताले कुनै आकर्षण गर्ने छैन ।

कार्यगत एकता गर्दै सुस्ताउँदै गरेको सामाजिक न्यायको मुद्दालाई वाम दलले उठाउन सक्छन् । मुद्दालाई उठाएर समाधानको इमान्दार पहलकदमी लिएर विकर्षित समर्थकलाई आकर्षित गर्न सक्छन् । त्यसपछि अब सिद्धान्त र वादका अनेक बुर्का होइन्, राष्ट्रियता, विकास र सामाजिक न्यायमा प्रतिबद्ध वाम दलको लागि पहलकदमी लिनु नै राम्रो हुनेछ । मुलुकमा नयाँ सरकारको उदयसँगै मौलाएको फासिवादलाई परास्त गर्दै सामाजिक न्यायसहितको लोकतान्त्रिक अभ्यासलाई स्थापित गर्न विचार मिल्ने दलहरु आपसमा मिल्ने र आन्तरिक एकता बलियो गराउनु राम्रो हुनेछ ।

# कामै नगरिकन सांसदहरूलाई तलब र भत्ता, कर तिर्ने जनतालाई छाक टार्नकै चिन्ता !

**अनुसा थापा**

देश र जनताको कुरा उठाउनेलाई कारबाही गर्ने अनि जनताले दिएको जिम्मेवारी पूरा गर्न नसक्ने सभामुखलाई कारबाही हुनुपर्ने कि नपर्ने ? एउटा चर्चित गीत थियो, लुट्न सके लुट कान्छा, नेपालमै छ छुट । अहिले त्यही अवस्था छ । सबैले देश लुटेका मात्रै छन् । जनता भोकभोकै मर्ने, जनप्रतिनिधिहरु कामै नगरिकन तलब खाने ।



प्रतिनिधिसभा सदस्यको निर्वाचन भएको चार महिना पुरा भएर पाँच महिना लाग्यो । त्यो चुनावमा २० अर्ब रुपैयाँ खर्च भएको छ । प्रत्यक्षतर्फ १६५ र समानुपातिकतर्फ ११० गरी २७५ जना सांसदको मासिक खर्च, तलबभत्ता बापतमा राज्यको ढुकुटीबाट करोडौं रुपैयाँ खर्च भइरहेको छ ।

सांसदको चालक, सदनमा मर्यादा पालकलगायतमा पनि ठूलो आर्थिक भार छ । तर, उपलब्धि के ? जनताले सांसद चुन्नुको प्रमुख उद्देश्य जनआवाज उठाउनु र ऐनकानुन बनाउनुको हो । सांसदको प्रमुख दायित्व नै त्यहीँ हो । तर, चार महिनासम्म कतिवटा ऐनकानुन बन्यो ?

मासिक पाँच-पाँच करोड रुपैयाँ खर्च गरेर के पाइएको छ ? यसले एउटा कुरा के प्रष्ट हुन्छ भने जसको सरकार आए पनि हुनेवाला केही छैन । सबै देश र जनता लुट्न आउने हुन् । विकासको मूल फुटाउँछौं भन्ने राष्ट्रिय स्वतन्त्र पार्टीको एकल सरकार छ । सदनमा रास्वपामा दुईतिहाई छ । खोइ त विकास ? कहाँ-कहाँ भयो विकास ? व्यक्तिले पनि एक रुपैयाँ लगानी गरेर दुई रुपैयाँ आम्दानी गर्छ । जनताले तिरेको कर र वैदेशिक ऋणबाट मासिक पाँच करोड रुपैयाँ सांसदमा खर्च गरिएको छ । तर, के फाइदा भयो ? आम्दानी होइन, नोक्सानी मात्र भइरहेको छ । रास्वपाको महाधिवेशनले संसद्को बैठक स्थगित भएको भयै छ ।

संसद्को बैठक नबसे पनि सांसदहरुले तलब बुझ्छन् । आफूले लिनुपर्ने त कसैले छोड्दैन नि । आफ्नो दायित्व पुरा नगर्ने तर तलबभत्ता खाइरहने । काम नगर्ने, तलबभत्ता र सेवासुविधा धेरै धेरै चाहिने । ऐनकानुन नबनाउने, जनताको आवाज नउठाउने, देशको लागि सिन्को नभाँच्ने अनि बजेटमार्फत् तलब बढाउने ।

सरकारले आगामी आर्थिक वर्षको बजेटमा सरकारी कर्मचारीको तलब २१ प्रतिशतले बढाएको छ । तर, तलब र भत्ता त कर्मचारीको मात्रै होइन, सांसदको पनि बढेको छ । प्रधानमन्त्री, मन्त्री, सभामुख, उप-सभामुखको तलब पनि वृद्धि भएको छ । उनीहरुले पनि मँहगी भत्ता पाउँछन् ।

अब भनौं-सरकार फेरियो, तर जनताले के पाए ? आउनेबित्तिकै आफूले खाने बाटो खोजिहाले । देश आर्थिक संकटमा छ । जनता कर तिर्न नसक्ने अवस्थामा छन् । जनतालाई बिहान खाए बेलुका के खाऊँ भन्ने चिन्ता छ । यस्तोमा तलब बढाउँथ्यो ? तलब त बढायो, तर जनताका लागि के निर्णय गर्यो ?

मँहगी त जनतालाई पनि बढेको छ । केही सहुलियत दियो सरकारले ? २०८२-८३ को बजेटमा १५ खर्ब राजश्व उठाउने लक्ष्य थियो । तर, १० खर्बभन्दा बढी राजश्व उठ्न सकेन । २०८३-८४ का लागि २१ खर्ब २४ अर्ब ३४ करोडको बजेट ल्याइएको छ । १४ खर्ब राजस्व उठाउने र अन्य स्रोत ऋण हो ।

यहीँ अवस्था रह्यो भने चालु आर्थिक वर्षको जति पनि राजस्व उठ्दैन । सबै व्यापार-व्यवसाय डामाडोल छ । घरजग्गा कारोबारमा मन्दी छ । सेयर बजारमा पनि घाटा छ । अनि कहाँबाट उठाउने राजस्व ? देश सम्पत्ति शुद्धीकरणको ग्रे-लिष्टमा छ । अबको ६ महिनाभित्र ग्रे-लिष्टबाट निकाल्न नसकिएमा ब्ल्याकलिष्टमा जान्छ ।

त्यसपछि कसले पत्याउँछ ऋण ? सरकारले बजेटमा अनुदान लेखेको छ, कसले दिन्छ अनुदान ? अहिले राज्यको ढुकुटीमा सबैभन्दा बढी योगदान पुऱ्याउने रेमिट्यान्स हो । त्यसपछि नेपाली विदेश जान पाउँदैनन्, कसरी आउँछ रेमिट्यान्स ? नेपाल अन्तर्राष्ट्रिय कार्यक्रममा सहभागी हुन पाउँदैन ।

भदौ २३ र २४ गते सरकारी सम्पत्ति ध्वस्त भएको छ । यस्तोमा कर्मचारी, जनप्रतिनिधिको तलब बढाउनुपर्थ्यो कि कटौती गरेर जलेका संरचना बनाउनुपर्थ्यो ? जनप्रतिनिधि र कर्मचारीको घरमा चुल्हो बल्ने, छोराछोरी पढाउन पुग्ने तलब पुरानो सरकारले दिइरहेको छ । सर्वसाधारणको हेरि उनीहरुको तलब राम्रै थियो ।

यस्तोमा तलब बढाउनुपर्ने आवश्यकता थिएन । यतिबेला त सरकारको प्राथमिकतामा जलेका संरचना पुनःनिर्माण गर्ने, सरकारी गाडीहरु खरिद गर्ने काम गर्नुपर्थ्यो । किन कि, ती संरचना अत्यन्त आवश्यक छ । सुधन गुरुङले गृहमन्त्री हुनुभन्दा अगाडि हजारौं सिंहदरबार बनाउने बताएका थिए ।

अहिले उनी आफैं गृहमन्त्री छन् । किन बनेन ती संरचना ? गुरुङले सरकारी गाडी लावालस्कर लगाएर हिँड्न नपाउने बताएका थिए । त्यो त रोकिएन ? अहिले उनकै सरकार छ, तर सरकारी गाडीको दुरुपयोग रोकिएको छैन । उनी यो विषयमा चुइक्क बोल्दैनन् । यिनीहरु पनि ढाँटेरै आएका हुन् । जनतालाई झुठ्ठो आश्वासन दिएरै सांसद बनेका हुन् ।

ढाँटेको कुरा कहिले न कहिले त काटिन्छ । तर, छिट्टै काटियो । जनता अहिले नै रास्वपालाई बेकारमा भोट दिएछौं भनेर पछुताउन थालेका छन् । यिनीहरुले पुराना दलमाथि हिलो छ्याप्ने । आठ कक्षा पढेकाले के गर्छ ? बुढासँग के दिमाग हुन्छ ? भने । यिनीहरुले त पढेका छन् ।

तर, बोली र व्यवहार सुन्दा यिनीहरुले पढेका होलान् ? भन्ने लाग्छ । पुराना दलले सरकारी सम्पत्तिको दुरुपयोग गरे भनियो । तर, सुटुक्क स्वकीय सचिव कसले राख्यो ? पहिले त देख्नेगरी राखिन्थ्यो । अहिले त जनताले चाल नपाउनेगरी निर्णय गरिन्छ । बालेन सरकारले स्वकीय सचिव राख्ने निर्णय अहिलेसम्म सार्वजनिक गरेको छैन ।

को कस्तो ? भन्ने प्रष्ट भइसकेको छ । रास्वपा महाधिवेशनमा प्रधानमन्त्री बालेन साहले आफूहरुलाई एक्सप्रेस गाडी भने । चार महिनासम्म के काम भयो ? कहाँ कहाँ पुग्यो सरकारको एक्सप्रेस गाडी ? पुराना सरकारले जनतालाई भेडा सोंच्दा आज यो अवस्था भयो । यो सरकारले पनि जनतालाई भेडा सोंचेको छ ।

जनतालाई झुक्याउन अनेक स्टण्टबाजी गर्रिंदैछ । तर, जनता सरकारले सोंचेजति लाटा पनि छैनन् । काम नगर्ने अनि जनताले तिरेको कर खाने ? यो भ्रष्टाचार होइन ? सांसदहरु काम नगर्ने, तर तलब खाने, सरकारी गाडी चढ्ने । प्रधानमन्त्री, मन्त्रीले पनि त्यही गरिरहेका छन् ।   बालेन सरकारले ल्याएको आठमध्ये चार वटा अध्यादेश पारित भयो । चार वटा अझै ड्यु छ । ६० दिनभित्र अध्यादेश पारित नभएमा निष्क्रिय हुन्छ । चार वटा अध्यादेश निष्क्रिय हुने समयावधि नजिकिँदै छ । ६० दिनसम्म अध्यादेश पास गर्न नसक्नेले अरु के गर्छ ? अहिले त रास्वपाकै दुईतिहाई छ ।

तै पनि अध्यादेश पास गर्न सकिएन । बालेन सरकार र अहिलेको सदनको काम गर्ने क्षमता यसैबाट छर्लङ्ग हुन्छ । सभामुख डीपी अर्यालले सदनमा विरोध जनाउँदा सांसद हर्क साम्पाङ्गलाई निकाल्ने चेतावनी दिए । त्यसो त सभामुखले काम गर्न सकेका छैनन् । उनलाई सदनबाट कसले बाहिर निकाल्ने ?

देश र जनताको कुरा उठाउनेलाई कारबाही गर्ने अनि जनताले दिएको जिम्मेवारी पूरा गर्न नसक्ने सभामुखलाई कारबाही हुनुपर्ने कि नपर्ने ? एउटा चर्चित गीत थियो, लुट्न सके लुट कान्छा, नेपालमै छ छुट । अहिले त्यही अवस्था छ । सबैले देश लुटेका मात्रै छन् । जनता भोकभोकै मर्ने, जनप्रतिनिधिहरु कामै नगरिकन तलब खाने ।

# डाक्साप, अब हमार शरीर ब्याट्रीके भर चली ?

**डा शम्भु खनाल**

भनिन्छ, मनुष्यले आफ्नो जीवनको आयु लिएर आएको हुन्छ । यो भाग्यवादी चिन्तनको उपज हो भनेर भन्न मिल्ने दृश्य धेरै देखिन्छन् । जीवनलाई चलचित्रको पर्दामा जस्तै दृश्य अवलोकन गऱ्यो भने ईश्वरको अस्तित्वमा प्रश्न गर्न मिल्ने ठाउँ धेरै हुन्छन् । एउटा चिन्तनशील प्राणी भएको नाताले मनुष्यको दिमागमा एउटा प्रश्न पक्कै जन्मिन्छ-'के व्यक्तिको भाग्य पूर्व निर्धारित हुन्छ ? के यो पृथ्वीमा हामी फगत एक पात्र मात्रै हौं ?'

दुर्गम पूर्वी तराईको कुनै जिल्लाबाट एक ५० वर्षीया महिला र उनका श्रीमान उपचार गर्न वीर अस्पताल आइपुग्छन् । एक दिन दिउँसो १ बजेतिर वीर अस्पतालको भिडभाडमा ईको (Echocardiography) कक्ष बाहिर ती महिला एक्कासि ढल्छिन् । श्वास बन्द हुन्छ । नाडी पनि चल्दैन । मुटु पनि एकाएक बन्द हुन्छ । ती महिलालाई भुइँमा मुडोजस्तै ढलेको देख्ने व्यक्तिले तुरुन्तै 'एको' कक्षमा अत्तालिँदै नर्स र डाक्टरलाई डाक्छन् । मेरा सहकर्मी साथी डाक्टरले नाडी जाँच्ने बित्तिकै 'कार्डियाक एरेस्ट' हो भनेर निर्क्योल गरेर छाती थिच्ने कार्य (सिपिआर) सुरु गरिहाल्छन् । म पनि तुरुन्तै जान्छु र उनलाई बोकेर छाती थिच्दै, अक्सिजन दिँदै इमर्जेन्सी पुऱ्याउँछौं । उनको इसिजी हेर्दा 'कम्प्लिट हार्ट ब्लक' देखिन्छ, जसका लागि अविलम्ब अस्थायी पेसमेकर राखिन्छ । त्यसपछि केही दिनमा स्थायी पेसमेकर राखेर घर पठाउँछौं ।

उनलाई तराईको कुनै अस्पतालबाट वीर अस्पताल जान भनेर प्रेषण (Refer) गरिएको थियो । उनको झम्मझम्म पार्ने समस्या सुरुमा त सामान्य नै थियो । त्यही सामान्य मानिएको समस्याका लागि तराईको एउटा अस्पतालबाट वीर अस्पताल प्रेषण गरेका थिए । हाम्रा मन्त्रीज्यूले भनेजस्तो सामान्य मानेर प्रेषण नगरेको भए ज्यान जोगिने थियो होला र ? त्यसैले मन्त्रीज्यू, स्वास्थ्यको हकमा कुन सामान्य मान्ने र कुन असामान्य मान्ने भन्ने निर्क्योल व्यक्ति अनुसार फरक पर्न सक्छ ।

ती महिला ६ महिनापछि आउँछिन् । उनलाई कुनै समस्या देखिएको छैन । आफ्नो काम मज्जाले गर्छिन् र उनी पहिलेजस्तै स्वस्थ देखिन्छिन् । कुरा के हो भने यतिका वर्षमा उनको शरीरले एउटा पेसमेकर आर्जन गरेको छ, जसको तारले उनको मुटु चलायमान गराइरहन्छ । आवश्यक परेका बेला मुटुको चाल निकै कम हुनबाट रोक्छ ।

उनी कुर्सीमा टुसुक्क बस्छिन् । उनले खानुपर्ने औषधि केही पनि छैन । औषधि नदिएकोमा उनलाई अचम्म लागेको रहेछ। उनको पेसमेकरले राम्रो काम गरिरहेकै छ ।

एउटा मुस्कान फिँजारेर टुटेफुटेको भोजपुरीमा म सोध्छु, 'क्या हाल बा ?' उनी संशयका साथ भन्छिन्-'डाक्साप, अब हमार शरीर ब्याट्रीके भर चली ? भगवान ब्याट्रीमे सवार हे कि डाक्टरमे ।' यो जिज्ञासाले भरिएको प्रश्न सुनेर मलाई मानव शरीर, चिकित्सा र रहस्यमय ईश्वरका बारेमा विचारहरू उत्पन्न हुन थाले । उनलाई आफ्नो मुटु ब्याट्रीले चलिरहेको छ भन्ने कुरामा नै अचम्म लागिरहेको थियो । के उनले आफ्नो शरीर र टिभीको रिमोटको ब्याट्री एउटै मानेकी होलिन् त ?

उनको श्रीमान र उनमा मेडिकल उपचारमा भगवानभन्दा बढी विश्वास जागेको देखिन्छ । अहिलेका बिरामीहरूको बढ्दो अविश्वासका बीचमा कहिलेकाहीँ महसुस गर्न सकिने सुखद घटना हुन् यो, जसमा व्यक्तिले चिकित्सकलाई साँच्चै मनदेखि नै विश्वास गर्छन् ।

उनको कुरा सुनेर मलाई ईश्वरीय सत्तामाथि प्रश्न जन्मियो। उनको मुटु पेसमेकरको तार र ब्याट्रीमा अडिएको छ । के उनको कार्डियाक एरेस्ट अस्पताल बाहिर कतै बाटोमा भएको भए पेसमेकर राख्ने समय हुन्थ्यो ? के उनी बन्द भएको मुटुमा पुनः जीवन प्राप्त गर्न सक्थिन् ? त्यो समय रातिको हुन्थ्यो भने के उपचार त्यति नै शीघ्र हुने थियो ? वा बाँच्न लेखेको मान्छे जसरी पनि बाँच्छ भनेर कोरा तर्क गर्ने हो त ?

उनी 'एको' कक्षबाहिर करिडोरमा एक्कासि ढल्नु र सबैजना त्यहाँ उपस्थित हुनु केवल एउटा संयोग थियो त ? अहिलेका शिक्षा मन्त्रीज्यूले यो कुरालाई संयोग नमान्नुभएमा आभार हुने थिएँ । १० कक्षासम्मको पाठ्यक्रममै 'कार्डियोपल्मोनरी रिससिटेसन' (सिपिआर) को ज्ञान हुनु अनिवार्य हो । त्यसलाई अविलम्ब विना सर्त समावेश गर्न सकेमा शिक्षाले नयाँ पुस्तालाई प्रत्यक्ष जीवन बचाउने सीप विकास गर्नेछ । जति एआईमा अभ्यस्त भए पनि यो सीप त एआईले गरेर ज्यान जोगाउन मुस्किल नै पर्नेछ । मनुष्यको आयु पूर्व निर्धारित हुने हो भने स्वास्थ्यका कार्यक्रमहरू यति विघ्न किन चाहिन्थ्यो होला ? नेपालीहरूको औसत आयु वि.सं. २०२० तिर ४० वर्ष थियो भने हाल त्यो बढेर सरदर ७० वर्ष पुगेको छ । यो सबै कुरा जीवनशैलीको ज्ञान, रोग नियन्त्रण र उपचार विधिको कारणले भएको हो। के यो सबै पनि ईश्वरले चाहेर नै बढेको हो ? मातृ मृत्युदर, बाल मृत्युदर लगायतका स्वास्थ्यका सूचकहरू भाग्यकै बलमा सुधार भएका हुन् र ? तथ्याङ्क भ्रमित छन् भनेर भन्न त विवेकशील प्राणीले पक्कै मिल्दैन ।

विश्व टेक्नोलोजीको दुनियाँमा अभूतपूर्व फड्को मारेको छ । नयाँ प्रविधिको विकाससँगै मनुष्यको आयु र जीवनको गुणस्तर बढ्ने नै छ । पर्यावरण सङ्कटले मनुष्यलाई धोका नदिएमा रोगव्याधिको उपचारमा कुनै कमी हुने देखिन्न । अहिले एलोन मस्क भन्ने धनाढ्यको सम्पत्ति मूल्य ट्रिलियन डलर पुग्न लागेको छ । उनी अन्तरिक्ष र मङ्गल ग्रहमा बस्ती बसाल्ने सपना देखेर बस्छन् । उनको उदयपश्चात् युएसएआईडीले दिने सहयोग कटौतीको कारणले अफ्रिकामा लाखौंको संख्यामा मानिसहरू औलो (मलेरिया), क्षयरोग र एचआईभीको औषधि अभावले मर्ने क्रममा छन् । उनको मस्तिष्कले पृथ्वीमै बाँचिरहेका सग्ला मनुष्यहरूलाई किन हेला गरेको होला ? र उनी जीवनरहित अन्तरिक्ष उडानमा लागिपरेका छन् । उनी मानवताको कुनचाहिँ सगरमाथा चढ्ने दौडमा छन् ? सामान्य विश्लेषण गर्दा त उनी मानवताको कसौटीमा सानो सगरमाथा चढेजस्तो पनि लाग्दैन । उनलाई पृथ्वीको भन्दा बढी चिन्ता अन्तरिक्षको छ !!

ती सबै अबोध मनुष्यलाई भगवान् भरोसा नै छोड्ने हो त ? उपचार पद्धतिले काम नगरेको भए औसत आयु के बढ्थ्यो होला ? र औषधिको आपूर्ति रोकिने बित्तिकै मृत्यु संख्या बढ्नुमा कुनचाहिँ आध्यात्मिक दृष्टिले व्याख्या गर्ने होला त ? मेरो अध्यात्ममा त्यति पहुँच छैन । पहुँच पुगेको व्यक्तिले सम्झाउनुभएमा सहर्ष सुन्नेछु ।

यी सोझा प्रश्नहरू अध्यात्मवादीहरूलाई गर्दा ईश्वरीय सत्तालाई सबैथोकको कारक मान्ने गर्छन् । यो सन्दर्भमा अध्यात्मवादीहरूलाई प्रश्न गर्दा रिसाउन सक्छन् । अध्यात्मको गहिराइ मैलेचाहिँ बुझेको छैन । त्यसैले अध्यात्म मिसिएको दृष्टिकोणमा म आफ्नो विचार दिन चाहन्न । यस सन्दर्भमा भाग्यवादीहरूलाई प्रश्न गर्नु उचित होला । अकर्मण्यतालाई नै भाग्य मान्ने हो भने त बहस गर्नु नै निरर्थक हुन्छ ।

यी सबै प्रश्नोत्तर गर्दागर्दै म अचेल नास्तिक भएको छु । कर्ममा बढी विश्वास गर्न पुगेको छु। तर, एउटा कुरा भने मलाई पनि अचम्म लाग्छ । हुम्लामा हृदयघात भएको एउटा व्यक्ति काठमाडौं वीर अस्पतालसम्म तीन दिन लगाएर आइपुग्दा पनि जीवित नै हुन्छ, मुटु सग्लो र बलियो नै हुन्छ र सफल उपचार गरेर जान्छ । तर वीर अस्पताल नजिकै असनमा घर भएको व्यक्ति लक्षण देखिएको १० मिनेटमा अस्पताल आउँदा पनि मुटु एकाएक बन्द भएर जति छाती थिचे पनि, जति औषधि दिए पनि सफल हुन सकिन्न । निराश हुन्छ चिकित्सकीय उपचार । हाम्रो निरीहतामा खित्का छोडेर हाँस्ने होला त्यो शरीरबाट निस्किएको प्राणपखेरु । कहिलेकासो कविशिरोमणि लेखनाथ पौड्यालको कविता पनि सान्दर्भिक लाग्छः 'आयो टप्प टिप्यो लग्यो मिति पुग्यो टारेर टर्दैन त्यो...'

तर कर्ममा विश्वास गर्नु नै मुक्तिको बाटो हो । नदेखिएको वा देख्न नसकेको ईश्वरीय सत्तालाई नायक मानेर अल्मलिनुभन्दा आफैँले अनुभव गर्न सकिने कर्म र मानवताको सिद्धान्तलाई पछ्याउनु नै उत्तम मार्ग हो ।

सर्वे भवन्तु सुखिनः।
उही
नास्तिक चिकित्सक ।

# २८औं स्थापना दिवसमा रक्तदान



बुटवल । होटल तथा रेष्टुरेण्ट व्यवसायी संघ, रुपन्देहीले २८औं स्थापना दिवसमा ३ दिने रचनात्मक कार्यक्रम शुभारम्भ गरेको छ। शनिबार संघको स्थापना दिवसमा रक्तदान कार्यक्रम गरी शुभारम्भ भएको हो।

एक कार्यक्रमका बिच संघका अध्यक्ष माधव खनाल, वरिष्ठ उपाध्यक्ष अर्जुन थापा, पर्यटन उपाध्यक्ष रोमाकान्त पाण्डे, प्रथम उपाध्यक्ष थम्मन भण्डारी, महासचिव केशवराज कंडेल, कोषाध्यक्ष अर्जुन पोखरेलले रक्तदातालाई ब्लड ब्याग हस्तान्तरण गरी शुभारम्भ गरेका थिए।

कार्यक्रमका बिच संघका अध्यक्ष माधव खनालले यो वर्ष स्थापना दिवसलाई विशेष रुपमा मनाउने ३ दिने कार्यक्रम गर्न लागेको बताए । रक्तदानसँग आइतबार वृहत् सरसफाइ कार्यक्रम गरिने तथा मंगलबार साधारण सभाको औपचारिक कार्यक्रमका साथै स्रष्टा सम्मान कार्यक्रम गरी मनाइने उनले बताए।

कार्यक्रममा संघका निवर्तमान अध्यक्ष लेखनाथ भण्डारीले रक्तदानको महत्वबारे प्रकाश पारे । स्थापना दिवसको अवसरमा सामाजिक कार्यमा अग्रसर रहेर सामाजिक गतिविधिमा संघको अग्रसरता बताए। रुपन्देहीमा रक्तदान अभियानलाई यो अवस्थामा ल्याउन विभिन्न अगुवाहरुको योगदान रहेको स्मरण गर्दै उनले निरोगिताको प्रमाणका रुपमा रक्तदान मान्न सकिने बताए। रगत अभावकै कारण बिरामीको ज्यान जाने अवस्था रोक्न यस्ता रक्तदान अभियान महत्वपूर्ण हुने उनले जनाए।

नेपाल रेडक्रस सोसाइटी, रक्तसञ्चार केन्द्र बुटवलको प्राविधिक सहयोगमा भएको रक्तदान कार्यक्रममा ३० युनिट रगत संकलन भएको कार्यक्रम संयोजक प्रेम भट्टराईले जानकारी दिए।

## तुलसीपुर-घोराही चारलेनः

# विद्युत् र रूख हटाउँदै



तुलसीपुर । यहाँको तुलसीपुर-घोराही सडक चारलेन बनाउन जिल्लास्थित वन डिभिजन कार्यालयले रुख कटानको आदेश दिएपछि रुख हटाउन थालिएको छ।

वन कार्यालयका सूचना अधिकारी भक्तबहादुर चौधरीका अनुसार घोराहीबाट तुलसीपुरसम्म ५९ वटा रुख काट्नु पर्नेछ । सोहीअनुसार अहिले रुख काट्ने कार्य भइरहेको छ । घोराही-तुलसीपुर खण्डमा २० वटाभन्दा बढी पिपलका रुख काट्नुपर्ने अवस्था रहेको उनले बताए।

विद्युत्का खम्बा हटाउने र रुख काट्ने काम सकिएपछि चारलेनको सडक निर्माणले गति लिने निर्माण कम्पनी श्री दिवाबन्दना भगवती जेभिका इञ्जिनियर सुनिल ढुङ्गानाले बताए । उनका अनुसार केही स्थानमा विद्युत्का खम्बा पनि हटाइ सकिएको छ । अब घोराहीको सर्रा क्षेत्र र तुलसीपुर क्षेत्रमा विद्युत्का खम्बा हटाउन बाँकी रहेको उनले जानकारी दिए।

विद्युत्का खम्बाका कारण काम रोकिनुपर्ने अवस्था नभएको इञ्जिनियर ढुङ्गानाले बताए। अहिलेसम्म चारेलनको १५ प्रतिशत काम पूरा भइसकेको जनाउँदै उनले अहिले वाल, कल्भर्ट र नाली निर्माणले गति लिएको उल्लेख गरे । उनका अनुसार घोराहीको डिके पेट्रोलपम्पबाट तुलसीपुरको हातीखौवासम्म चारलेन सडक बन्नेछ।

सोही स्थानमा सडकको क्षेत्र छुट्याउने काम भइसकेको जनाउँदै इञ्जिनियर ढुङ्गानाले उक्त सडक २१ दशमलव ५८ किमी कालोपत्र तथा चौडाइ चारलेनको हुने उल्लेख गरे । बीचबीचमा मेडिएन र दुवैतर्फ दुई/दुई लेन हुने बताउँदै उनले बजार क्षेत्रमा फुटपाथसहितको चारलेन र अन्य स्थानमा चारलेन मात्रै सडक हुने जानकारी दिए।

"स्तरोन्नतिका क्रममा सडकको पूरै कालोपत्रको माथिल्लो भाग हटाइनेछ । दुवैतर्फ कटिङ भएको क्षेत्रमा आवश्यक मोटाइमा फिलिङ गरेपछि मात्रै कालोपत्रको काम सुरु हुनेछ।"-इञ्जिनियर ढुङ्गानाले भने । सडक सुधार आयोजनाअन्तर्गत मदन भण्डारी सडक मार्ग परियोजनामार्फत ठेक्का सम्झौता भएको थियो।

निर्माण अनुगमनको जिम्मा सडक डिभिजन कार्यालय दाङले पाएको छ । सोही सडकको चौडाइ ३० मिटर हुनेछ । सडक 'अस्फाल्ड' प्रविधिबाट कालोपत्र हुने इञ्जिनियर ढुङ्गानाले जानकारी दिए । "यसमा ढुङ्गा, गिट्टी र बिटुमिन तार मिसाएर कालोपत्र गरिने भएको यो सडक थप मजबुत बन्नेछ।"-उनले भने।

सम्झौता भएको मितिले ३६ महिनामा काम सम्पन्न गर्ने गरी सम्झौता भएको सडक डिभिजन कार्यालयका प्रमुख दीपेन्द्रबहादुर विष्टले बताए । उनका अनुसार गत २४ असारमा भ्याटबाहेक रु दुई अर्ब २४ करोड ५६ लाखमा सम्झौता भई काम सुरु भएको हो।

सोही सडक चारलेन बनाउन यसअघि भएको सम्झौता निर्माण कम्पनीले काम नगरेपछि रद्द गरिएको थियो । ठेक्का रद्द भएपछि विसं २०८१ साउनदेखि नयाँ प्रक्रिया सुरु गरिएको थियो । तत्कालीन अवस्थामा अर्थ मन्त्रालयको स्रोत सहमति तथा राष्ट्रिय योजना आयोगको निर्णयानुसार रु तीन करोड ९९ लाख ४९ हजारको बहुवर्षीय ठेक्कामार्फत काम गर्ने सहमति भएको थियो।

सोहीअनुसार मदन भण्डारी राजमार्ग निर्देशनालयबाट लागत अनुमानका काम भएर बोलपत्र आह्वान भएको थियो । उक्त सडकबिचमा पर्ने सेवार खोला, हापुर खोला, ग्वारखोला र कालाखोलामा चारलेनको पुल निर्माणका लागि प्रक्रिया अघि बढिसकेको सडक डिभिजन कार्यालयले जनाएको छ।

**विस्थापनविरुद्ध ...**

प्रदर्शनका क्रममा होल्डिङ सेन्टरमा रहेका भूमिहीन सुकुम्वासी तथा अव्यवस्थीत बसोबासीका तर्फबाट दल मर्दन कामीले होल्डिङ सेन्टरमा रहेकालाई हट्नका लागि पटक पटक दवाव दिदा मानसिक तनाव उत्पन्न भएको बताए।

उनले सरकारका बिभिन्न निकाय र प्रहरीहरूले २५ हजार बुझेर होल्डिङ सेन्टर छाड्नका दवाव दिएको उल्लेख गरे। उनले आफुहरूलाई सरकारले सडकमा अलपत्र पार्न खोजिएको भन्दै तत्काल उचित व्यवस्थापन गर्न माग गरे।

प्रदर्शनमा सहभागीहरूले डोजर होइन, समाधान दे, जनता मार्न पाइँदै, यस्तो सरकार चाहिँदैन, गरिबमाथिको ज्यादती बन्द गर लगायत लेखिएका प्लेकार्ड प्रदर्शन गरेका थिए।

अधिकार सम्पन्न बागमती सभ्यता एकीकृत विकास समितिले शुक्रबार सूचना जारी गर्दै असार १९ गतेसम्म होल्डिङ सेन्टर छाड्न भनेपछि उनीहरू आन्दोलित भएका हुन्।

# गुल्मीका किसानलाई गाई स्याहार भत्ता



गुल्मी । पहिला गाउँघरका प्रत्येक गोठमा देखिने स्थानीय जातका गाई अहिले लोप हुँदै गएका छन्। किसानले व्यावसायिक रूपमा दूध बढी दिने उन्नत जातका गाईपालन गर्न थालेपछि स्थानीय जातका गाई पाल्ने चलन घट्दै गएको हो।

स्थानीय जातका गाईपालनमा किसानलाई आकर्षित गराउने उद्देश्यले यहाँको मदाने गाउँपालिका-१ अग्लुङ्मा स्थानीय लहिनो जातका गाई संरक्षणका लागि किसानलाई प्रतिगाई वार्षिक रु दुई हजार स्याहार भत्ता वितरण गर्न सुरु गरिएको छ।

गाउँघरबाट विस्तारै हराउँदै गएको स्थानीय गाई जोगाउँदै पुनःगाईपालनतर्फ आकर्षित गर्ने उद्देश्यले उक्त कार्यक्रम सञ्चालन गरिएको वडाध्यक्ष सुशील चन्दले बताए । स्थानीय गाई लोप हुँदै गएपछि यसको प्रत्यक्ष असर धार्मिक संस्कारदेखि कृषि क्षेत्रसम्म पर्दै आएको उनको भनाइ छ।

पहिला गाउँघरमा मृत्यु संस्कारमा पुरोहितलाई लहिनो गाई दान गर्ने परम्परा थियो । तर अहिले भने पुरोहितले गाई लैजान छाडेसँगै गाईको सट्टामा नगद दिने चलन बढेको वडाध्यक्ष चन्दले जानकारी दिए। धार्मिक कर्मका लागि आवश्यक पर्ने गाईको गोबर र गोमूत्रसमेत खोज्नुपर्ने अवस्था आएको बताउँदै उनले गाईपालन व्यवसाय घट्दै जाँदा धार्मिक संस्कार, संस्कृति र परम्परामा प्रत्यक्ष असर पर्दै जान थालेको बताए।

"पहिला हरेक घरमा गाई पाल्ने प्रचलन थियो, अहिले दिनभरि गाउँमा घुम्दै जाँदा गोठहरू खाली देखिन्छन्। अहिले गाउँघरमा स्थानीय जातका गाई भेटाउन मुस्किल छ, गोबर र गौमूत्र खोज्न टाढा जानुपर्ने बाध्यता छ। वडाले दिएको यो स्याहार भत्ताले गाई जोगाउनका लागि थोरै भए पनि हौसला मिलेको छ।"- स्थानीय नरबहादुर विष्टले भने। स्थानीय गाई केवल दूधका लागि मात्र नभई गाउँको संस्कृति, धार्मिक आस्था र कृषि प्रणालीसँग जोडिएको जानकारहरू बताउँछन् । अहिले स्थानीयतहले गाई संरक्षण कार्यक्रम अघि बढाउँदा किसान पनि उत्साहित बनेका छन्।

वडाध्यक्ष चन्दले स्थानीय गाई संरक्षण गर्नुपर्ने पाका पुस्ताको मागअनुसार यस्तो कार्यक्रम सुरु गरिएको बताए । "गाई हाम्रो मौलिक सम्पत्ति हो, यसको संरक्षणका लागि किसानलाई प्रोत्साहन गर्न स्याहार भत्ता वितरण सुरु गरेका हौँ, आउँदा वर्ष पनि यस कार्यक्रमलाई निरन्तरता दिने हो।"- उनले भने।

स्थानीय गाईको दूध, गोबर र गौमूत्र मानव स्वास्थ्य, जैविकखेती तथा धार्मिक कार्यका दृष्टिले महत्वपूर्ण मानिन्छ। हिन्दू परम्परामा गाईलाई लक्ष्मीको प्रतीकका रूपमा पूजा गर्ने चलने छ । जन्मदेखि मृत्युसम्मका विभिन्न धार्मिक संस्कारमा गाईबाट प्राप्त वस्तुको प्रयोग हुने भएकाले यसको संरक्षण धार्मिक तथा सांस्कृतिक रूपमा पनि उत्तिकै आवश्यक रहेको स्थानीयको भनाइ छ।

स्थानीयतहले थालेको यो अभियानले किसानलाई आर्थिक प्रोत्साहनसँगै लोप हुँदै जान थालको परम्परा र संस्कृतिको संरक्षण तथा सम्वर्द्धनमा थप टेवा पुग्ने स्थानीय राधा कुँवरले बताए। यसलाई संरक्षण र प्रवर्द्धन गर्न सबैले सहकार्य र समन्वय गर्नुपर्नेमा उनले जोड दिए।


## काठ/दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

दोस्रो पटक सूचना प्रकाशन मितिः २०८३/०३/१४

यस चिन्नेथान रावन सामुदायिक वन उपभोक्ता समुहको वनबाट उत्पादन भई रून्टिगढी गा.पा. वडा नं. ५, कोरीपोखरा घाटगद्दीमा विभिन्न लटहरू बनाई राखिएको खोटेसल्ला जातको गोलिया काठ ४८३६.९८ क्यू.फि र दाउरा ३.५० चट्टासमेत जे जस्तो अवस्थामा छ सोही अवस्थामा आफ्नै खर्चमा उठाई लैजानु पर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक संघ सस्था, फर्म वा कम्पनिले यो सूचना दोस्रो पटक प्रकाशित भएको मितिले १५ दिन भित्र प्रत्येक लटको छुट्टा छुट्टै सिलबन्दी बोलपत्र यस समूहको कार्यालय वा रुन्टीगढी सव डिभिजन वन कार्यालय वा डिभिजन वन कार्यालय रोल्पाबाट खरिद गरी १६ दिन दिनको ५.०० बजेसम्म र सो दिन सार्वजनिक विदा परेमा त्यसपछि कार्यालय खुल्ने दिनको सोही समयमा यस समूहको कार्यालयमा दाखिला गर्न आव्हान गरिन्छ। यस सम्बन्धि विस्तृत जानकारीको लागि यस सामुदायिक वन उपभोक्ता समूहको कार्यालयमा सम्पर्क राख्न सकिने छ। पूर्ण ब्यहोराको सूचना यस समुहको कार्यालयको सूचना पाटीमा समेत टाँसगरिनुको साथै डिभिजन वन कार्यालय रोल्पा र रून्टीगढी डिभिजन वन कार्यालय रोल्पा मार्फत् लुम्बिनी प्रदेश वन तथा वातावरण मन्त्रालय र वन निर्देशनालयको वेबसाईटमा राख्नको लागी पठाइएको छ।

**श्री चिन्नेथान रावन सामुदायिक वन उपभोक्ता समूह**
रून्टीगढी गा.पा. वडा नं. ५, रोल्पा



## नतिजा प्रकाशन सम्बन्धी सूचना

यस संघद्वारा मिति २०८३/०२/२८ गते प्रकाशित सूचना अनुसार रिक्त पदहरुमा करारद्वारा पदपूर्ति गर्न मिति २०८३/०३/१२ मा सम्पन्न अन्तर्वार्ताबाट निम्न पदहरुमा देहाय अनुसार सफल उम्मेदवारहरुको नामावली सम्बन्धित सबैको जानकारीका लागि प्रकाशित गरिएको छ। सफल उम्मेदवारहरुले आफ्नो निरोगिताको प्रमाणपत्र सहित नतिजा प्रकाशित मितिले ७ (सात) दिन भित्र नियुक्ति पत्र लिन संघमा सम्पर्क राख्नहुन सूचित गरिन्छ।

**पद : नेत्र सहायक (रा.प.अन प्रथम.,प्रा) तहः ८**

| सफल उम्मेदवार, पद संख्याः १ (एक) | | | |
|---|---|---|---|
| क्र. सं. | दर्ता नं. | रोल नं. | नाम |
| १ | १४ | OA14 | राम लक्ष्न अग्रहरी |
| वैकल्पीक उम्मेदवार | | | |
| क्र. सं. | दर्ता नं. | रोल नं. | नाम |
| १ | ०६ | OA6 | मुस्कान कुमारी बनिया |
| २ | १८ | OA18 | तारा लोनिया |

**पद : अप्टिकल ग्राईन्डर (श्रेणी विहिन,प्र) तहः १**

| सफल उम्मेदवार, पद संख्याः १ (एक) | | | |
|---|---|---|---|
| क्र. सं. | दर्ता नं. | रोल नं. | नाम |
| १ | ०१ | OG1 | उषा चौधरी |
| वैकल्पीक उम्मेदवार | | | |
| क्र. सं. | दर्ता नं. | रोल नं. | नाम |
| १ | ०२ | OG2 | दुर्गेश प्रसाद यादव |

थप विस्तृत जानकारीको लागि
**नेपाल नेत्र ज्योति संघ**
रूपन्देही शाखा, फोन नम्बरः ०७१-५२४३३६

संयोजक
परीक्षा समिति



## सम्पूर्ण सेवाग्राहीहरूमा भेरी अस्पताल बाँकेको अनुरोध

स्वास्थ्य नै सबैभन्दा ठूलो सम्पत्ति हो। स्वस्थ नागरिक, समृद्ध समाज निर्माणका लागि भेरी अस्पताल, बाँके सबैमा हार्दिक अनुरोध गर्दछः

१. बिरामीलाई अस्पताल आउँदा नागरिकता वा परिचय खुल्ने कागजात र आवश्यक स्वास्थ्यसम्बन्धी कागजात साथमा ल्याउनुहोस्।
२. अस्पताल परिसरलाई सफा, शान्त र धूम्रपान तथा सुर्तीजन्य पदार्थमुक्त क्षेत्र बनाउन सबैले सहयोग गर्नुहोस्।
३. बिचौलिया, दलाल वा अनधिकृत व्यक्तिको प्रलोभनमा नपर्नुहोस्। आवश्यक जानकारीका लागि सम्बन्धित सूचना कक्ष वा अस्पताल प्रशासनसँग मात्र सम्पर्क गर्नुहोस्।
४. स्वास्थ्यकर्मी, कर्मचारी तथा अन्य सेवाग्राहीप्रति सभ्य, मर्यादित र सम्मानजनक व्यवहार गर्नुहोस्।
५. आफ्नो पालोअनुसार सेवा लिनुहोस् र अनावश्यक भीडभाड नगर्नुहोस्।
६. औषधि तथा उपचारसम्बन्धी जानकारी चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाहअनुसार मात्र प्रयोग गर्नुहोस्।
७. रक्तदान जीवनदान हो। आवश्यक पर्दा स्वेच्छिक रक्तदानमा सहभागी भई मानवताको सेवामा योगदान दिनुहोस्।
८. कुनै गुनासो, सुझाव वा उजुरी भएमा अस्पताल प्रशासन वा गुनासो व्यवस्थापन कक्षमा जानकारी गराउनुहोस्।
९. सबै सेवाग्राहीले अस्पतालका नियम, अनुशासन र व्यवस्थापनको पालना गरी गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहमा सहयोग पुऱ्याउनुहोस्।
१०. 'स्वस्थ नागरिक, सुरक्षित समाज' निर्माणका लागि समयमै स्वास्थ्य परीक्षण गरौँ, रोग लाग्न नदिन सचेत बनौँ र आवश्यक परेमा नजिकको स्वास्थ्य संस्थाको सेवा लिऔँ।

डा.नवीन दर्नाल
प्रमुख मेडिकल सुपरिटेन्डेन्ट

वीरेन्द्रबहादुर शाह
अध्यक्ष

**भेरी अस्पताल**
नेपालगञ्ज, बाँके



## ट्वाइलेट सफा गराउनुहोस्

सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार



प्रो. रामशाह शाहानी
**विशाल सेनेटरी**
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297



## ट्वाइलेट सफा गराउनुहोस्

के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस्। लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ।

सम्पर्कः
**तिनाउ सेनेटरी**
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३



## ट्वाइलेट सफा गराउनुहोस्

तपाईंको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ।

- ट्वाइलेट, वाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस्।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ खाली गरिने छ।

सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस

सम्पर्कः
**सीताराम सफा सेनेटरी**
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२

# कक्षा १२ उत्तीर्ण विद्यार्थीलाई न्यू होराइजनको सम्मान



बुटवल। कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुहरुलाई न्यू होराइजन अंग्रेजी आवासीय मावि बुटवलले सम्मान गरेको छ। न्यू होराइजनबाट व्यवस्थापन र विज्ञान संकायबाट गरी ५०१ जना विद्यार्थी उत्तीर्ण भएका थिए। जसमा संगम सापकोटा, सागर पाण्डे र अक्सर गौचनले जीपीए ३.९६ ल्याएका थिए। ३.९६ जीपीए यसपटकको नतिजामा सर्वाधिक उच्च जीपीए हो । यसलाई विद्यालयले नेपाल प्रथम नतिजा भनेको छ। यस्तै अंकुर पोखरेल र श्याम टण्डनले ३.९२ र दिप्सन रायमाझीले ३.९१ जीपीए प्राप्त गरेका छन् । कार्यक्रममा राष्ट्रिय परीक्षा बोर्ड प्रदेश परीक्षा व्यवस्थापन कार्यालयका निमित्त प्रमुख कमल अर्यालले न्यू होराइजनले संख्यात्मक र गुणात्मक दुबै क्षेत्रमा राष्ट्रमै उत्कृष्ट नतिजा हासिल गरेको भन्दै विद्यालय र विद्यार्थीहरुलाई बधाई ज्ञापन गरे।

उनले बुटवल विद्यालय तहदेखि स्नातक तहसम्मको गुणस्तरीय शिक्षाको केन्द्रका रुपमा स्थापित भइसकेकाले विद्यार्थीहरु अन्यत्र भौंतारिन नपर्ने सुझाव दिए।

विद्यालयका अध्यक्ष ज्ञानेन्द्र कसजूले गुणस्तरीय शिक्षा दिने एक मात्र उद्देश्यले न्यू होराइजन संस्था स्थापना भएकाले विद्यार्थीको उत्कृष्ट नतिजा ल्याउन संस्थाले कुनै सम्झौता नगरी लगानी गरेको बताए।

प्राचार्य बासुदेव अर्यालले न्यू होराइजन संस्थाअन्तर्गत न्यू होराइजन कलेज ड्राइभर टोल, क्षितिज इन्टरनेसनल कलेज कालिकानगर र बुटवल मोडेल कलेज कटैया सञ्चालनमा रहेका र ती संस्थामा स्नातक तहका विभिन्न विषय पढाई हुने जानकारी गराउँदै १२ कक्षा उत्तीर्ण विद्यार्थीहरु अन्यत्र भौंतारिन नपर्ने बताए।

कार्यक्रममा न्यू होराइजन कलेजका क्याम्पस प्रमुख एवं निवर्तमान प्राचार्य लोकनाथ उपाध्याय, विद्यालयका उप-प्राचार्य राजेश पाण्डे, होराइजन जीबीएसका प्राचार्य गोपालप्रसाद आचार्य, बुटवल मोडल कलेजका क्याम्पस प्रमुख डा. नेत्रप्रसाद बस्याल, शिक्षक मिलन रानाले मन्तव्य राखेका थिए। विद्यार्थीहरु अक्सर गौचन र सागर पाण्डेले विद्यालयको सुविधा सम्पन्न शैक्षिक वातावरण, शिक्षकहरुको उत्प्रेरणा , परिवारको साथ र साथीहरुको प्रोत्साहनले उत्कृष्ट नतिजा आएको भन्दै दृढ इच्छा शक्ति र निरन्तरको लगनशीलता भए सफलता हासिल हुने बताएका थिए । न्यू होराइजन संस्थाले २०७७ सालदेखि कक्षा ११ को कक्षा सञ्चालन गरेको थियो। सोही ब्याच बाटै सुम्निमा श्रेष्ठले ४ जीपीए प्राप्त गरी देशमै उत्कृष्ट बन्न सफल भएकी थिइन् । त्यस यता पनि कक्षा १२ को नतिजामा विद्यालयले निरन्तर उत्कृष्ट नतिजा हासिल गर्न सफल भएको विद्यालयका उप-प्राचार्य राजीव श्रेष्ठले बताए।

# विभेदविरुद्ध बुटवलमा वृहत् अन्तरसंवाद



बुटवल।समतामूलक,विभेदमुक्त र न्यायपूर्ण समाज निर्माणका लागि साझा प्रतिबद्धता व्यक्त गर्दै बुटवल उप-महानगरपालिकाको आयोजना तथा रेडियो जागरण ९३.२ मेगाहर्ज बुटवलको समन्वयमा शनिबारदेखि 'विभेदविरुद्ध बुटवल बृहत् अन्तरसंवाद' सुरु भएको छ।

कार्यक्रमको उद्घाटन गर्दै बुटवल उप-महानगरपालिकाका नगर प्रमुख खेलराज पाण्डेयले आफू निर्वाचित भएलगत्तै 'समानता, स्वाभिमान र अवसर-बस्न योग्य बुटवल' भन्ने मूल नारालाई नगरसभाबाट पारित गरी कार्यान्वयनमा ल्याइएको बताए । विभेदमुक्त, समानतामूलक र मानवतामा आधारित बुटवल निर्माण स्थानीय सरकारको प्रमुख लक्ष्य रहेको उल्लेख गर्दै उनले शिक्षा, आर्थिक सशक्तीकरण, राजनीतिक सहभागिता र सामाजिक रूपान्तरणमार्फत जातीय विभेद अन्त्य गर्न सकिने धारणा राखे।

दलित समुदायको उत्थानका लागि परम्परागत सीप संरक्षण तथा रोजगारी प्रवर्द्धनमा केन्द्रित कार्यक्रम सञ्चालन गरिएको उल्लेख गर्दै उनले सुनचाँदीका गरगहना निर्माण, पञ्चेबाजा तथा अन्य सीपमूलक तालिममार्फत समुदायलाई आत्मनिर्भर बनाउने प्रयास भइरहेको जानकारी दिए।

सामाजिक अध्येता रामचन्द्र श्रेष्ठले स्थानीय तहमा दलित समुदायको राजनीतिक प्रतिनिधित्व बढे पनि निर्णय प्रक्रियामा उनीहरूको प्रभावकारी सहभागिता अझै सुनिश्चित हुन नसकेको बताए । उनले समावेशी लोकतन्त्रको सार निर्णय प्रक्रियामा समान पहुँच र सहभागिताबाट मात्रै स्थापित हुने धारणा व्यक्त गरे।

कार्यक्रमको पहिलो सत्रमा 'बुटवल उप-महानगरपालिकाको नीति कति समावेशी ?' विषयमा अन्तरसंवाद भएको थियो। बहसमा उप-महानगरपालिकाका प्रवक्ता तथा वडा नं. १५ का अध्यक्ष शिव राना र अध्यापक जीवन परियारले स्थानीय नीतिहरूको समावेशिता, व्यवहारिक कार्यान्वयन र सुधारका आयामबारे धारणा राखेका थिए । सत्रको सहजीकरण पत्रकार फूलु सुनारले गरेकी थिइन्।

दोस्रो सत्रमा 'दलित समुदायको संवैधानिक अधिकार र कानुन कार्यान्वयनको अवस्था' विषयमा राष्ट्रिय मानवअधिकार आयोग लुम्बिनी प्रदेशका प्रमुख सन्तोष आचार्य, सरकारी वकिल कार्यालय रुपन्देहीका प्रमुख प्रकाश मरासिनी, इलाका प्रहरी कार्यालय बुटवलका इन्स्पेक्टर अक्षयकुमार रावल, लुम्बिनी प्रदेशका पूर्व सांसद दीपा विक तथा अधिवक्ता गोमति सुनारले आ-आफ्ना धारणा प्रस्तुत गरेका थिए। उक्त सत्रको सहजीकरण पत्रकार विनोद परियारले गरेका थिए।

तेस्रो सत्रमा 'जनप्रतिनिधिका अनुभव : सिकाइ, चुनौती र अवसर' विषयमा बुटवल उपमहानगरपालिकाका कार्यपालिका सदस्य यमबहादुर सुनार, कृष्ण सुनार, सुनिता खड्लुक र बसन्ती विकबिच अनुभव आदानप्रदान गरिएको थियो। सत्रको सहजीकरण पत्रकार अम्बिका परियारले गरेकी थिइन्।

अन्तरसंवादमा सहभागीहरूले संविधान र कानुनले जातीय विभेदलाई निषेध गरे पनि व्यवहारमा अझै विभेद कायम रहेको गुनासो गर्दै प्रभावकारी कार्यान्वयनको आवश्यकता औंल्याए । उनीहरूले दलित समुदायको सम्मान, समान अवसर र न्याय सुनिश्चित गर्न राज्यका सबै तहले थप जिम्मेवार भूमिका निर्वाह गर्नुपर्नेमा जोड दिए।

कार्यक्रममा संविधानसभा सदस्य तथा जागरण मिडिया सेन्टरकी अध्यक्ष कमला विश्वकर्मा, बुटवल-६ का वडा अध्यक्ष लोकनाथ न्यौपाने, बुटवल-९ का वडा अध्यक्ष प्रदीपकुमार श्रेष्ठ, रेडियो जागरणका सञ्चालक सरोज गौतम, तिलोत्तमा नगरपालिकाका कार्यपालिका सदस्य तथा सामाजिक विकास समिति संयोजक रवि सेन्चुरी, संयुक्त दलित संघर्ष समिति रुपन्देहीका संयोजक हरिओम विश्वकर्मा, दलित अगुवा पदम विश्वकर्मा, विभिन्न वडाका जनप्रतिनिधि, अधिकारकर्मी, सञ्चारकर्मी तथा सरोकारवालाको उल्लेखनीय सहभागिता रहेको थियो।

दुई दिनसम्म सञ्चालन हुने अन्तरसंवाद आइतबार विभिन्न निष्कर्ष तथा प्रतिबद्धतासहित सम्पन्न हुनेछ।

# बीबीएस नतिजामा अब्बल रहेको मणिमुकुन्दको दाबी



बुटवल । बुटवलको मणिमुकुन्द कलेज, ब्याचलर अफ बिजनेस स्टडिज् ( बीबीएस ) अध्ययनका लागि विद्यार्थीहरुको रोजाईको शैक्षिक संस्था भएको विद्यार्थी र प्राध्यापकहरुले बताएका छन्।

कक्षा १२ उत्तीर्ण विद्यार्थीहरुलाई बधाई ज्ञापन एवं सम्मानका लागि कलेजले आयोजना गरेको कार्यक्रममा बोल्ने विद्यार्थी र प्राध्यापकहरुले बीबीएस परीक्षाको नतिजामा मणिमुकुन्दले नेपाल दोस्रो स्थान सहित निरन्तर उत्कृष्ट नतिजा ल्याइरहेकाले विद्यार्थी र अभिभावकको रोजाई बनेको बताए।

मणिमुकुन्द कलेजमा त्रिभुवन विश्वविद्यालय अन्तर्गतको बीबीएस पढाइ हुँदै आएको छ । आफ्नै सुविधा सम्पन्न भौतिक पूर्वाधारसहितको कलेज भवनमा अनुभवी प्राध्यापकबाट पढाइ हुँदै आएको हुँदा आफूले बीबीएसको अध्ययन मणिमुकुन्दमै गर्ने निर्णय गरेको विद्यार्थी विद्यार्थी कृपा घिमिरेले बताइन्।

कक्षा १२ को नतिजामा उच्च जीपीएसहित उत्तीर्ण कृपाले मणिमुकुन्द कलेजका प्राध्यापकहरुबाट निकै राम्रो गाइडलाइन र परिवारमा जस्तै माया पाएकाले बीबीएस पढ्न मणिमुकुन्द रोजेको बताइन्।

यस्तै कक्षा १२ को नतिजामा नेपाल टपर राहुल जैसवाल र प्रिन्स केसीले पनि मणिमुकुन्द कलेजको शैक्षिक वातावरणबाट आफूहरु प्रभावित भएको बताए । कलेजले किताबी ज्ञानसँगै अनुशासन, व्यक्तित्व विकास र जिम्मेवार नागरिक बन्न सिकाएको बताए।

कार्यक्रममा कलेज सञ्चालक समितिका उपाध्यक्ष उमापति न्यौपानेले ब्याचलर तह नेपालमै अध्ययन गर्न उपयुक्त हुने सुझाव दिए। उनले १२ कक्षा उत्तीर्ण हुने बित्तिकै ब्याचलर पढ्न विदेश जाने परिपाटी विद्यार्थी र देश दुबैका लागि राम्रो नभएको स्पष्ट पारे ।

परीक्षामा उत्कृष्ट नतिजा आउनका लागि विद्यार्थी, शिक्षक र अभिभावक तीन वटै पक्षको सामूहिक मेहनत आवश्यक हुने उपाध्यक्ष न्यौपानेले बताए।

कलेजका प्राचार्य टुकबहादुर क्षेत्री विद्यार्थीले आफ्ना सपना पूरा गर्न निरन्तर कडा मेहनत र अनुशासनमा रहन जरुरी हुने जनाए। विद्यालय तहदेखि ब्याचलरको एमबीबीएससम्म उत्कृष्ट नतिजामा निरन्तरता मणिमुकुन्दको पहिचान बनेको प्राचार्य क्षेत्रीले उललेख गरे।

कलेजका सह-प्राचार्य दिवाकर खनालले पनि ब्याचलर तह विदेश होइन स्वदेशमै पढ्न आग्रह गरे। युरोप अमेरिकी राष्ट्रमा ब्याचलर अध्ययन गर्नेहरू उतै पलायन हुने र विद्यार्थीका परिवारमा आमा बुवाको बिचल्ली भएका थुप्रै उदाहरण रहेको खनालले उल्लेख गरे। विदेश पढ्न जानै परे मास्टर डिग्रीका लागि जान उपयुक्त हुने उनको सुझाव थियो।

कलेजका बीबीएस संयोजक दिनेश पाण्डेले ब्याचलर पढ्दा आफ्नो रुचि, पढाइपछिको रोजगारीको अवसर, शुल्क आदि पक्ष पहिले राम्रोसँग बुझेर मात्र भर्ना हुन् सुझाब दिए। पाण्डेले मणिमुकुन्द कलेजमै बीबीएसको पढाइ हुने जानकारी गराउँदै भर्ना र मासिक शुल्कमा कलेजले निःशुल्कदेखि विशेष छुट दिएको बताए।

व्यवस्थापन संकाय संयोजक पशुपति चौधरीले कलेजले विद्यार्थीको उच्च शिक्षाको करियर र भविष्यलाई विशेष ध्यान दिने गरेको प्रष्ट पारे।

# एक करोड ३० लाख लगानीमा मेट्रो आई केयर सञ्चालन




बुटवल । आधुनिक प्रविधिबाट आँखासम्बन्धी सम्पूर्ण उपचार प्रदान गर्ने गरी बुटवलमा मेट्रो आई केयर लुम्बिनी सञ्चालनमा आएको छ । बुटवल-८ सुख्खानगर भाटभटेनी सुपर मार्केट नजिकै सञ्चालित अस्पतालमा फेको सेन्टर सञ्चालन गरी बिना इन्जेक्सन आँखाको उपचार प्रदान सुरु गरेको छ। आइ केयर सेन्टर सबै उपचार गर्ने आँखाको पूर्ण अस्पताल रहेको सञ्चालकको भनाइ छ।

सरकारी शुल्कमा सम्पूर्ण उपचार लिनको लागि काठमाडौं र भैरहवासम्म जानुपर्ने बाध्यता अन्त्य भएको आइ केयरका दृष्टी विशेषज्ञ अमित केसीले बताए । बालबालिकाको आखाको सबै उपचार सेवा, जलविन्दु, मोतियाबिन्दू, रेटिना क्लिनिकसहित विभिन्न युनिटमा आइ केयरले सेवा प्रदान गर्ने छन् । यस्तै आँखाको पर्दासम्बन्धी सबै उपचारको प्याकेजसहित मधुमेह र उच्च रक्तचापका कारण आँखासम्बन्धी दृष्टीमा समस्या आएका बिरामीको पनि उपचार अस्पतालमा हुनेछ। अस्पतालमा समय समयमा काठमाडौंबाट समेत विशेषज्ञ चिकित्सकको टोली पनि अस्पतालमा आएर सेवा प्रदान गर्ने छन् । लामो समयदेखि दृष्टीसम्बन्धी सेवामा कार्यरत अस्पतालका दृष्टी विशेषज्ञ प्रभात जिसीले अस्पतालले सेवाको भावले सञ्चालनमा गरिएको बताए । मोतियाविन्दुको शल्यक्रिया गरेको बिरामीले अपरेशन गरेकै दिन आफ्नो काम गर्न सक्ने उनले बताए।

३० लाख लगानीबाट सुरु गरिएको अस्पतालमा १ करोड ३० लाख रुपैयाँ लगानी पुगेको छ। अस्पतालमा ५ जना विशेषज्ञ टिम रहेको छ । अस्पतलामा ९ जनालाई रोजगार पाएका छन् । अस्पताललले सुगर र प्रेसरबाट जोगिएर आँखाको दृष्टी जोगाउ भन्ने उद्देश्यसहित यहीँ असार १४ गतेदेखि १९ गतेसम्म निःशुल्क सुगरको चेकजाँच हुनेछ। उद्घाटन सत्रमा चम्मा खरिदमा २० प्रतिशत छुटको व्यवस्था समेत रहेको छ।

आकर्षक डिजाइन तथा छपाई
सबै किसिमका रंगिन तथा सादा
डिजाइनका साथै सम्पूर्ण छपाईको लागि
सधै हामीलाई सम्झनुहोस् !
आइडिया
डिजाइनर्स/अफसेट प्रेस
सम्पर्क:
बुटवल-७, पुरानो बसपार्क (सब्जीमण्डी पछाडि)
यातायात मजदूर संघको भवनमा
फोन:-०७१-५५०२९३ मो.
९८५७०३५३८०,९८४७१२३९५७
E-mail:ideapressbtl@gmail.com

नगरवासीहरूमा हार्दिक अनुरोध
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा बिरूवाहरु रोपी हरियाली प्रवर्द्धन गरौं ।
- विद्यालय जाने उमेर भएका बालबालिकाहरूलाई विद्यालय पठाऔं ।
- खानेपानीका मुहानहरु सधै सफा राखौं, साथै सबैले पानी शुद्धीकरण गरेर मात्र पिउने बानीको विकास गरौं ।
- बाल विवाह सामाजिक अपराध भएकोले विवाह गर्ने उमेरका सबैलाई २० वर्ष पछि मात्र गरौं र गराऔं ।
- आफ्नो समुदाय र विद्यालयहरूलाई बालमैत्री बनाऔं ।
- नगरमा रहेको पुराना पोखरीहरूको संरक्षण गर्दै थप नयाँ पुनर्भरण पोखरीको निर्माण गरी पानीका मुहानहरूको प्रवर्द्धन गरौं ।
- आफ्नो पायक पर्ने स्थानको सडकको छेउछाउमा घाँस तथा विरूवाहरु रोपी हरियाली प्रबर्द्धन गरौं ।
- सडकमा जथाभावी पानी बग्न नदिई सडकको संरक्षण गरौं साथै भलको उचित व्यवस्थापन गरौं ।
- दक्ष स्वास्थ्यकर्मीबाट स्वास्थ्य संस्थामै गएर प्रसूति गराई आमा र बच्चालाई जोखिमबाट बचाऔं ।
- प्राविधिक सल्लाह बमोजिम उन्नत बिउ बिजनको प्रयोग गरी कृषि जन्य वस्तुको उत्पादन तथा उत्पादनकत्व बृद्धि गरौं ।
- विभिन्न धार्मिक तथा पर्यटकीय स्थानहरूको संरक्षण गरी प्रबर्द्धनमा टेवा पुऱ्याऔं ।
कृष्णप्रसाद सापकोटा
प्रमुख प्रशासकीय अधिकृत
छविलाल पौडेल
नगर प्रमुख
शीतगंगा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय,अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

गाउँवासीहरूमा हार्दिक अनुरोध
गर्मी मौसममा हुन सक्ने आगलागीका घटनाहरु र सोबाट हुनसक्ने जनधनको क्षति न्यूनीकरण निम्नानुसार गर्ने गरौं ।
- सलाई, लाइटरजस्ता आगो बाल्ने सामग्रीहरु बालबालिका तथा मानसिक सन्तुलन ठीक नभएका व्यक्तिहरुले नभेट्ने ठाउँमा राखौं।
- खाना पकाइसकेपछि आगो राम्रोसँग निभाऔं, खाना पकाउने ग्याँस प्रयोगकर्ताले चुलो, रेगुलेटर तथा लाइटर आदि समय समयमा निरीक्षण गरौं,
- चुरोट, बिडी जस्ता वस्तुहरु प्रयोगपश्चात् जथा भावी नफालौं र आगो राम्रोसँग निभाऔं।
- पेट्रोल, डिजल, ग्याँस स्टेशनको वरिपरि सलाई, लाइटर जस्ता सामग्रीको बेचबिखन तथा प्रयोग नगरौं।
- आगलागीका घटना भएमा दमकल, सुरक्षाकर्मी र सञ्चार माध्यममा खबर गरौं।
- सम्भव भएसम्म घर तथा कार्यालयमा अग्नि नियन्त्रक उपकरण राखौं।
- आगलागीका घटना घटेमा महिला, बालबालिका, वृद्धवृद्धा तथा असक्तहरुको सुरक्षामा विशेष ध्यान दिऔं।
- आगलागीको घटना कुनै पनि बेला घट्ने भएको हुँदा पानीका स्रोतहरु चालु अवस्थामा राखौं।
सुवर्ण खनाल
प्रमुख प्रशासकीय अधिकृत
टेकराज न्यौपाने
अध्यक्ष
पाणिनि गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय, अर्घाखाँची
लुम्बिनी प्रदेश, नेपाल

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com